नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड५७)काठमाडौं जेठ११गते२०६४साल(अतिरिक्ताङ्क१०(अ)

भाग ५

नेपाल सरकार

गृह मन्त्रालयको सूचना

नेपाल सरकारले जाँचबुझ आयोग, ऐन २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी २०६३ साल माघको पहिलो सातादेखि मधेशी जनअधिकार फोरमको आव्हानमा भएको आन्दोलनका क्रममा मोरङ, सुनसरी, सिराहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा समेतका जिल्लाहरूमा भएका सार्वजनिक, सरकारी, व्यक्तिगत सम्पत्तिको लुटपाट, आगजनी एवं शहिद तथा राष्ट्रिय व्यक्तित्व-को शालिकहरूमा भएको तोडफोड लगायत विभिन्न समूहहरू बीचको दोहोरो भिडन्तमा परी, प्रदर्शनकारीको आक्रमणमा परी तथा प्रहरीले शान्ति सुरक्षा कायम गर्ने क्रममा भएको मानवीय क्षति समेतको जाँचबुझ गरी क्षति हुनुको कारण, कारक र असरको विश्लेषण गरी यस प्रकारका घटनाहरू दोहोरिन नदिन अवलम्बन गर्नुपर्ने नीतिगत र कार्यगत उपायहरू सम्बन्धी सुझाव सहितको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्न मिति २०६४।२।११ को निर्णयानुसार देहाय बमोजिमको अध्यक्ष र सदस्य रहेको पाँच सदस्यीय जाँचबुझ आयोग गठन गरी देहाय बमोजिमको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोकेको छः

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. आयोगको गठनः- आयोगको गठन देहाय बमोजिम हुनेछः-

क) सर्वोच्च अदालतका माननीय न्यायाधीश
श्री खिलराज रेग्मी -अध्यक्ष

ख) पुनरावेदन अदालत, पाटनका माननीय न्यायाधीश
श्री जनार्दनबहादुर खड्का -सदस्य

ग) अतिरिक्त मुख्य अनुसन्धान निर्देशक श्री सुखचन्द्र झा -सदस्य

घ) सहन्यायाधिवक्ता श्री राजनारायण पाठक -सदस्य

ङ) प्रहरी नायव महानिरीक्षक श्री रविन्द्र प्रताप शाह -सदस्य

२. आयोगको काम, कर्तव्य र अधिकारः- आयोगको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

क) लुटपाट, आगजनी तथा तोडफोड लगायतका घटनामा विभिन्न समूहहरू बीचको दोहोरो भीडन्तमा परेर, प्रहरी एकाईमा आक्रमण भएर वा शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा मृत्यु भएका व्यक्तिहरूको विवरण संकलन तथा विश्लेषण गर्ने,

ख) सार्वजनिक, सरकारी र व्यक्तिगत सम्पत्तिमा लुटपाट, आगजनी, तोडफोड आदिबाट भएको क्षतिको विवरण, क्षति हुनुको कारण, कारक र असरको विश्लेषण गर्ने,

ग) यस प्रकारका घटनाहरू दोहोरिन नदिन अवलम्बन गर्नुपर्ने नीतिगत र कार्यगत उपायहरूसम्बन्धी सुझावहरू पेश गर्ने।

३. आयोगको कार्यविधिः- आयोगको कार्यविधि आयोगले काम शुरु गरेको मितिले २ (दुई) महीनाको हुनेछ।

आज्ञाले,
उमेशप्रसाद मैनाली
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।-

अधिकारिकता मुद्रा ०६४।६।२ मा प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।